संघीय संसद
राष्ट्रिय सभा
सत्रौं अधिवेशन
बैठक-६
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भः- १:१५ बजे*
*बैठक स्थगितः- ४:०५ बजे*

२०८१ फागुन ४ गते, आइतवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको छैटौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य उदय बहादुर बोहरा**ले राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठानले सल्यानको श्रीनगरमा आयोजित महोत्सवमा आगलागी भएको विषयमा सत्यतथ्य छानविन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य कृष्ण प्रसाद पौडेल**ले दैनिक उपभोग्य तरकारी तथा फलफूलमा अत्याधिक विषादीको प्रयोगले नागरिकको स्वास्थ्यमा गम्भिर असर पारेको तथा मौलिक हकले गरेको व्यवस्थाको समेत उल्लङ्घन भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गोमा देवी तिमल्सिना**ले पशुपति विकास कोषका ३७ जना मजदुरहरू आन्दोलनरत रहेको कुरा जानकारी गराउँदैं, यो समस्या समाधान गर्न सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य जगत बहादुर पार्की**ले समाजमा जातीय बिभेदको समस्या यथावत रहेको बताउँदै, बैतडीको एक दलित परिवारमा लास उठाउने समेत मान्छे नपाएको, यस्ता घटना पुन नदोहोरिने व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य जयन्ती देवी राई**ले प्रतिनिधि सभाका माननीय सदस्य ज्ञान बहादुर शाहीले राष्ट्रिय सभालाई वृद्धाश्रम तथा केही दिनको पाहुना भनेको विषयमा खेद प्रकट गर्नुभयो।

**माननीय सदस्य दुर्गा गुरुङ्ग**ले सुर्खेत उधोग वाणिज्य संघको पहल तथा नेपाल सरकारको अनुदानमा काँक्रिविहारमा जडिबुटी प्रशोधन केन्द्रको लागि भवन बनिसकेको तर उक्त प्रशोधन केन्द्र सञ्चालन नभएकोमा, यथाशीघ्र सञ्चालन गराउन सरकार समक्ष माग गर्नुभयो।

**माननीय सदस्य नर बहादुर विष्ट**ले चैत्र २३ गते हुने भनिएको १०औं राष्ट्रिय खेलकुदको बारेमा जानकारी गराउन माग गर्नु भएको छ। साथै दिन दिनै बढिरहेको कालोबजारी महङ्गीको राज्यले अनुगमन गरी तत्काल यो समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्र**ले प्रतिनिधि सभाका माननीय ज्ञान बहादुर शाहीले फेसबुकमा पोस्ट गर्दै राष्ट्रिय सभालाई वृद्धाश्रम भनेको विषयमा खेद प्रकट गर्नुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनार**ले सरकारको खरको छाना विस्थापित गर्ने कार्यक्रममा लापरवाही भएको विषय उठाउनु भयो।

**माननीय सदस्य मदन कुमारी शाह(गरिमा)**ले बैतडीमा प्रकाश दमैकी आमाको लासले दलित भएकै कारण मलामी नपाएको घटना प्रति खेद प्रकट गर्नुभयो।

**माननीय सदस्य युवराज शर्मा**ले अस्पतालमा दरबन्दी व्यवस्थापनमा सरकारको ध्यानाकृष्ट गराउँदै अस्पतालमा स्वास्थ्य उपकरण प्रयोग विहीन हुनु औचित्य नरहेको बताउनु भयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे**ले पोखरा भ्रमण वर्षको उद्धाटनको क्रममा घाइते हुनुभएका माननीय अर्थ मन्त्री तथा पोखरा महानगरपालिका प्रमुखलाई शिघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगर**ले आफ्नो निर्वाचन क्षेत्र म्याग्दी जिल्ला धौलागिरी गाँ.पा १ मा हाल सम्म सडक नपुगेको बताउदै सडक विस्तारको लागि सरकार संग माग राख्नु भयो।

त्यसपस्चात, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य कमला देवी पन्त**ले सुशासनको विषयमा गम्भिर भएर छलफल गर्नु पर्ने, अख्तियार दुरुपयो तथा भ्रष्टाचारमा खुद्रा रुपमा भन्दा पनि थोक रुपमा हेरिनु पर्ने, मन्त्रीहरुले सम्पती विवरण सार्वजनिक गर्नु पर्ने तथा भ्रष्टाचार भढ्दो र सुशासन खस्कदो अबस्थामा रहेको विषयलाई उजागर गर्दै यस सम्बन्धमा गम्भिर बहस गर्नु पर्ने बिषय राख्नुभयो।

**माननीय सदस्य जगत बहादुर पार्की**ले सरकारले जनताको अपेक्षा बमोजिम काम नगरेको, अग्रागमनको तर्फ नभइ पस्चागमन तर्फ सरकार र सरकारमा सम्लग्न दलहरु लागेको तथा सत्तापक्षका संसदहरुले देशको हित विपरीत हुने अभिव्यक्ति दिदै हिन्ने गरेको कुरा उठाउनुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे**ले ट्रान्सपरेन्सी इन्टरनेस्नल रिपोर्ट बमोजिम नेपालको अबस्था हेर्दा सुशासनको विषयलाइ लिएर लज्जित हुनु पर्ने अबस्था रहेको, नेपालमा दर्ता भएका बिभिन्न सामाजिक तथा घरेलु हिंसाको तथ्यांक हेर्दा दिन दिनै भढ्दै गएको र नेपाली जनतालाई असर पर्ने गरी दिनदिनै मुल्य वृद्धि भैरहेको विषयमा ब्यपाक छलफल हुनु पर्ने कुरा उठाउनु भयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा**ले सरकारले संसद छलेर अध्यादेस ल्याउनुको औचित्य नरहेको र यसले नेपाली जनताको हितमा काम नगर्ने बताउनु भयो। साथै सत्येन्द्र कुमार राम चमार र नेहा

रौनियार बिच भएको अन्तरजातीय विवाहका कारण दम्पतीमाथी हस्तक्षेप भएको बताउँदै सत्यतथ्य छानबीन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य नारायण दत्त भट्ट**ले प्रतिनिधि सभाका माननीय ज्ञान बहादुर शाहीले राष्ट्रिय सभालाई लिएर फेसबुकमा पोस्ट गरिएको विषयले राष्ट्रिय सभालाई अपमान गरेको भन्दै यस प्रति खेद प्रकट गर्नु भयो।

**माननीय सदस्य गंगा कुमारी वेल्वासे**ले प्रतिनिधि सभालाइ बिधेयक छिटो फिर्ता गर्न आग्रह गर्दै प्रतिनिधि सभाका माननीयले राष्ट्रिय सभाको अपमान गरेको विषयमा खेद प्रकट गर्नु भयो।

**माननीय सदस्य भगवती न्यौपाने**ले प्रतिनिधि सभाका माननीय ज्ञान बहादुर शाहीले राष्ट्रिय सभालाई लिएर फेसबुकमा पोस्ट गरिएको विषयले राष्ट्रिय सभालाई अपमान गरेको विषयमा खेद प्रकट गर्दै, राष्ट्रिय सभाले सबै प्रक्रिया पुरा गरेर काम गरेको कुरा अबगत गराउनु भयो। सरकारले जनताको हित अनुकुल काम गरेको जिकिर गर्नु भयो।

त्यसपश्चात, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै देहाएको **रुलिङ्ग** गर्नु भयोः- "प्रतिनिधि सभाका माननीय सदस्य ज्ञान बहादुर शाहीले राष्ट्रिय सभाको काम करवाही सम्बन्धमा सामाजिक सञ्जाल ज्ञानेन्द्र शाहीको नामको फेसबुक पेजमा व्यक्त गर्नु भएको टिप्पणीको सम्बन्धमा उठान गर्नु भएको विषयमा सभाको गम्भिर ध्यानाकर्षण भएको छ, राष्ट्रिय सभाले सवै प्रक्रीया पुरा गरि गरेको कामको अध्ययन नै नगरी निज माननीय सदस्यले कपोकल्पित, झुट र यथार्थ भन्दा बाहिर गई एक सभाको सदस्यले अर्को सभाको कामकारबाही र सभाको माननीय सदस्यहरुको योग्यता, क्षमता र उमेरको सम्बन्धमा समेत अत्येन्तै गैरजिम्मेवार ढङ्गले आफ्नो धारणा व्येक्त गर्नु भएको देखिएकोले उत्त अभिव्यक्ती प्रति खेद प्रकट गर्दै, आइन्दा आफ्ना बिचार सम्प्रेषण गर्दा सुझबुझपुर्ण, वस्तुनिष्ठ र तथ्यपरक हुन निज माननीय सदस्यलाई निर्देशन दिइन्छ।"

त्यसपश्चात, सम्माननीय अध्यक्षले विकास, आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापती कमला पन्तलाई **"दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतीले उक्त प्रतिवेदन पेस गर्नु भयो।

त्यसपश्चात, सम्माननीय अध्यक्षले, राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको **"सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश र **"बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा सभाका सचिव डा. सुरेन्द्र अर्यालले उक्त सन्देश टेबुल गर्नु भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई**लाई **"राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई**ले प्रस्तुत गर्नु भएको **"राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारि गराउनु हुदै, छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउनु हुँदा छलफलमा मा. डा. अन्जान शाक्य, मा. डा. बेदुराम भुसाल, मा. भगवती न्यौपाने, मा. गोपी बहादुर सार्की आच्छामी, मा. मदन कुमारी शाह, मा. सुरेस कुमार आलेमगर, मा. तुलसा कुमारी दाहाल, मा. रेनु चन्द, मा. रुक्मिणी कोइराला र मा. गंगा कुमारी वेल्वासेले भाग लिनु भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **"राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुदै **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनु हुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले "**राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभावाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **"राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्कालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै, छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुहुँदा उक्त छलफलमा माननीय पदम बहादुर परियारले भाग लीनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ माथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्कालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा मा. मन्त्रीले सभामा जवाफ दिनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१"** का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३२ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३२ सम्म उल्लिखित संशोधनहरू **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले अङ्ग बनेको घोषणा गर्नु भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधेयकको देहायब मोजिमको प्रस्तावना र नाम पढेर सुनाउनु भयोः-

**"प्रस्तावनाः** नवीकरणीय ऊर्जाको पहिचान, प्रवर्द्धन र बिस्तार गरी वातावरण संरक्षणमा योगदान पुऱ्याउन तथा ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत र संरक्षण गर्दै ऊर्जाको पहुँचमा वृद्धि गरी दिगो विकासको लागि नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।"

तत्पश्चात, सम्माननीय अध्यक्षले , विधेयकको प्रस्तावना र नाम **"नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्कालाई "**नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ लाई पारित गरियोस्**" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदनुरुप, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल फागुन ६ गते मङ्गलवार बिहान ११ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव